National News

June 12, 2024

<u>प्रमुख समाचार:</u>

1. प्रधानमन्त्री जी-7 शिखर सम्मेलनमा भाग लिन भोली जानुहुनेछ इटाली
2. अठारौँ लोकसभाको पहिलो सत्र आगामी 24 तारिखबाट सुरु हुँदै
3. सिक्किम विधानसभाको पहिलो सत्र आज सम्पन्न
4. कुवेत शहरको भीषण आगलागीमा विदेशमन्त्री र प्रधानमन्त्रीद्वारा समवेदना व्यक्त
5. राष्ट्रिय परीक्षा एजेन्सीद्वारा नीट 2024 नतिजामा भएको कथित विसङ्गतिलाई ध्यानमा राख्दै, प्रश्नावली जारी

## PM-Italy Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदी G-7 शिखर सम्मेलनमा भाग लिन भोलि इटाली जाँदै हुनुहुन्छ। विदेश सचिव श्री विनय क्वात्राले दिएको जानकारीअनुसार, शुक्रबार हुने सम्मेलनमा भारतलाई आउटरिच देशका रूपमा आमन्त्रित गरिएको हो। उहाँले यो भ्रमण भारत र वैश्विक दक्षीणका लागि महत्त्वपूर्ण मुद्दाहरूमा हुने सम्मेलनमा विश्व नेताहरूसँग कुराकानी गर्ने अवसर मिल्ने बताउनुभयो। यो शिखर सम्मेलनमा भारतको ११ औँ र श्री मोदीको लगातार पाँचौं सहभागिता हुनेछ। प्रधानमन्त्री आउटरिच सत्रमा सहभागी हुनुहुनेछ। शिखर सम्मेलनभन्दा भिन्नै, श्री मोदीले G-7 देशका नेताहरूसँग द्विपक्षीय बैठक गर्नुहुने सम्भावना छ। श्री मोदीले इटालीका प्रधानमन्त्री श्री जर्जिया मेलोनीसँग भेट गर्नुहुनेछ। विदेश सचिवले स्विट्जरल्याण्डमा हुने युक्रेन शान्ति शिखर सम्मेलनमा भारत उपयुक्त स्तरमा सहभागी हुने बताउनुभयो। यसै महिना स्विट्जरल्याण्डमा आयोजित हुने सम्मेलनमा झन्डै ९० देशको सहभागिता रहनेछ।

## Parliament Session Starts

अठारौँ लोकसभाको पहिलो सत्र यही महिनाको २४ तारिखबाट सुरु हुँदै छ। यस सत्रमा नवनिर्वाचित सदस्यहरूलाई सपथ ग्रहण गराइनेछ र लोकसभा अध्यक्षको चयन हुनेछ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले संसदका दुवै सदनलाई सम्बोधन गर्नुहुनेछ र उहाँको सम्बोधनमाथि चर्चा हुनेछ। राज्यसभाको अधिवेशन पनि यही महिनाको २७ तारिखबाट सुरु हुँदै छ। संसद सत्र आगामी महिनाको 3 तारिख समाप्त हुनेछ। संसदीय मामिला मन्त्री श्री किरण रिजिजुले एक सामाजिक सञ्जाल पोस्टमा यसको जानकारी दिनुभएको छ। श्री रिजिजुले भन्नुभयो, देशवासीले निर्णय लिइसकेका छन्, र अब देश सेवाका लागि काम गर्नु हाम्रो कर्तव्य हो। श्री रिजिजुले संसद भनेको 140 करोड देशवासीको आकङ्क्षा पूरा गर्ने र चर्चा गर्ने एक आदर्श मञ्च हो भन्नुभयो।

## Sikkim Asssembly Speaker

11 औँ सिक्किम विधानसभाको पहिलो सत्र आज कार्यवाहक अध्यक्ष श्री सञ्जित खरेलको अध्यक्षतामा सम्पन्न भयो। सदनले सिक्किम क्रान्तिकारी मोर्चाका उम्मेदवार तथा पूर्वमन्त्री श्री मिङ्मा नोर्बु शेर्पालाई सदनका अध्यक्ष र श्रीमती राजकुमारी थापालाई सदनको उपाध्यक्ष चयन गरेको छ। सत्रको प्रारम्भमा नवनिर्वाचित सदस्यहरूले सपथ लिए। यो सपथ कार्यवाहक अध्यक्षले गराउनुभयो।

## Kuwait Fire-Jaysankar

विदेशमन्त्री एस. जयशंकरले कुवेत शहरमा भएको भीषण आगलागीप्रति गहिरो शोक व्यक्त गर्नुभएको छ। यस आगलगीमा चालीसभन्दा बढीको मृत्यु भएको छ भने ५० भन्दा बढी घाइते भएका छन्। श्री जयशंकरले कुवेतस्थित भारतीय दूतावासले प्रभावित सबैलाई सहयोग गर्ने आश्वासन दिनुभएको छ। यसैबीच कुवेतका लागि भारतीय राजदूत श्रीआदर्श सवाइकाले विभिन्न अस्पतालमा घाइते भारतीय नागरिकलाई भेट्नुभयो। उच्च आयोगले आपतकालीन हेल्पलाइन नम्बर जारी गरेको छ। उच्च आयोगले सामाजिक सञ्जालमा पोस्टमा, पीडितहरूलाई हरसम्भव सहयोग उपलब्ध गराउन प्रतिबद्ध रहेको बताएको छ। त्यसै गरी, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनि यस आगलागीमा शोक व्यक्त गर्दै, आफ्ना प्रियजन गुमाउने सबैप्रति समवेदना जनाउनुभयो र घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो।

## NEET 2024

राष्ट्रिय परीक्षा एजेन्सीले NEET 2024 परीक्षाको नतिजा घोषणा भएपछि अक्सर सोधिने प्रश्नावली जारी गरेको छ। यस महिनाको ४ तारिख घोषित NEET नतिजामा भएको कथित विसङ्गतिलाई ध्यानमा राख्दै, यो प्रश्नावली जारी गरिएको हो। परीक्षार्थीलाई समय खेर गएकाले कृपांक दिनेसम्बन्धी गुनासो निवारण समितिको भूमिकाबारे एजेन्सीले एक समिति गठन गरेको जनाएको छ। समितिले तथ्यात्मक प्रतिवेदनमा आधारित गुनासोको सुनुवाइ गरेको थियो। परीक्षामा कुनै पनि परीक्षार्थीले ७१८ र ७१९ अंक कसरी ल्याउन सक्छ भन्ने प्रश्नको जवाफमा, एजेन्सीले कृपांकको कारण दुई जना परीक्षार्थीले ७१८ र ७१९ अंक प्राप्त गरेको स्पष्ट पारेको छ। एजेन्सीले 1 हजार 563 परीक्षार्थीलाई मात्रै समय खेर गएको क्षतिपूर्तिस्वरूप कुनै कृपांक नदिएको स्पष्ट पाऱ्यो। केन्द्रीय शिक्षा मन्त्रालयले NEET परीक्षामा 1 हजार 500 भन्दा बढी परीक्षार्थीलाई दिएका कृपांकको समीक्षा गर्न चार सदस्यीय प्यानल गठन गरेको थियो।

## Widow welfare

राष्ट्रिय मानव अधिकार आयोगले विधवाहरूको कल्याण र उनीहरूको मानव अधिकार सुनिश्चित गर्न केन्द्र, राज्य सरकार र केन्द्र शासित प्रदेश प्रशासनहरूलाई एक परामर्श जारी गरेको छ। आयोगले विधवाहरूको कल्याणकारी योजनाको लाभ एकल प्रणालीद्वारा उनीहरूसम्म पुग्ने सुनिश्चित गर्न सुझाव दिएको छ। परामर्श दस प्रमुख क्षेत्रमा केन्द्रित छ। यसमा आश्रय गृहको विकास र मर्मत-सम्भार, सम्पत्तिमा समान पहुँच, शोषणबाट सुरक्षा, सीप विकास, ब्याङ्किङ र वित्तीय स्वतन्त्रता अनि स्वास्थ्य सेवा समावेश छ। आयोगले खाद्य, आवास, सम्मान र सम्पत्तिको संरक्षणमा विभिन्न कल्याणकारी योजनाहरूको कार्यान्वयनका लागि जिल्लापाल र जिल्ला अधिकारीहरू जवाफदेही हुनुपर्ने बताएको छ।

## Jammu-Kashmir Terrorists killed

जम्मू-कश्मीरमा कठुआ जिल्लाको हिरानगर सेक्टर, सैदा सोहल गाउँमा सेना र आतङ्ककारीबीच भएको भिडन्तमा थप एक आतंककारी मारिएको छ। अहिलेसम्म कुल तीन आतंकवादी मारिएका छन्। आतङ्ककारीहरूले गोली चलाएपछि हिजो साँझ झडप सुरु भएको हो। यस अवधिमा घाइते भएका सी.आर.पी.एफ जवानको आज मृत्यु भएको छ। सुरक्षाकर्मीले भिडन्त स्थलबाट हातहतियार र गोलाबारुद बरामद गरेको छ। अर्को एक आतंकवादीको खोजी भइरहेको छ। यसैबीच, डोडा जिल्लाको चत्तरगाला क्षेत्रमा सुरक्षा बलको संयुक्त शिविरमा आतङ्ककारीले हमला गरेको कारण भद्रवाह-पठानकोट राजमार्ग अवरुद्ध भएको छ।

## IIT Delhi

भारतीय प्रौद्योगिकी संस्थान, IIT दिल्लीले JEE एडभान्स 2024 परीक्षा उत्तीर्ण गर्ने सबै उम्मेद्वारका लागि दिल्ली र UAE अबुधाबीमा रहेको आफ्नो क्याम्पसहरूमा जून 15 तारिख खुला सत्रको आयोजना गर्नेछ। यस कार्यक्रम मार्फत उम्मेदवारहरूले अबुधाबी र दिल्ली क्याम्पसमा उपलब्ध विभिन्न अवसरबारे जानकारी लिन सक्ने संस्थानले जनाएको छ। दुवै क्याम्पसका संकाय सदस्यहरू विद्यार्थीहरूको प्रश्नको जवाफ दिन उपलब्ध हुनेछन्। हाइब्रिड मोडमा आयोजित हुने यो कार्यक्रम बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म सञ्चालन हुनेछ। संस्थानको आधिकारिक युट्युब च्यानलबाट पनि यसको प्रत्यक्ष प्रसारण हुनेछ।

## Cricket T-20

आई.सी.सी टी-ट्वेन्टी विश्वकप क्रिकेटमा आज भारतले अमेरिकाको सामना गर्दै छ। यो खेल न्युयोर्कमा भारतीय समय अनुसार राती ८ बजे हुनेछ। दुवै टोलीले आ-आफ्ना दुवै खेल जितेका छन्। भारतले आयरल्याण्ड र पाकिस्तानलाई हराएको थियो भने अमेरिकाले क्यानाडा र पाकिस्तानलाई हराएको थियो। समूहमा भारत पहिलो र अमेरिका दोस्रो स्थानमा छ। त्यसै गरी, एन्टिगुवामा आज अस्ट्रेलियाले नामिबियाको सामना गर्नेछ। यसअघि न्युयोर्कमा पाकिस्तानले क्यानडालाई ७ विकेटले हराएको थियो। पाकिस्तानले १७ ओभर लिएर तीन बलमा तीन विकेट गुमाएर १०७ रनको लक्ष्य पूरा गरेको थियो।

## Badminton

अस्ट्रेलियन ओपन ब्याडमिन्टन B.W.F सुपर फाइभ हन्ड्रेड प्रतियोगितामा अनुपमा उपाध्यायले महिला एकलको उद्घाटन खेलमा मलेसियाकी वोङ लिङ चिङलाई २१-१४, २३-२१ को सोझो सेटमा पराजित गरिन्। अन्य एकल खेलहरूमा, आकर्षी कश्यपले युक्रेनकी पोलिना बुहारोभासँग खेल्नेछिन् भने सामिया इमाद फारुकीले चाइनिज ताइपेईकी पाइ यु-पो र केयुरा मोपाटीले मालभिका बन्सोडसँग खेल्नेछिन्। पुरुष एकलमा शीर्ष भारतीय खेलाडी एच.एस प्रणयले ब्राजिलका यगोर कोएलो-विरुद्ध आफ्नो अभियानको सुरुवात गर्नेछन्। दोस्रो खेलमा समीर वर्माले प्रारम्भिक चरणमा अस्ट्रेलियाका रिकी ताङसँग खेल्नेछन् भने रविले चाइनिज ताइपेईका लिन चुन-यीसँग खेल्नेछन्। पुरुष एकलमा सहभागी अन्य भारतीय खेलाडीमा मिथुन मञ्जुनाथ, किरण जीगो, एस शंकर मुथुसामी सुब्रमण्यम र रघु मारिस्वामी छन्। यसअघि अभिषेक येलिगर इजरायलका मिशा जिल्बरम्यानसँग सोझो सेटमा पराजित भएका थिए।